# आर्थिक बर्ष २०८०/८१
# को बजेट वक्तव्य

**खार्पूनाथ गाँउपालिका**
**याङ्चुबजार, हुम्ला**
**२०८०, असार १० गते आईतवार**

गाँउसभाको बैठकमा २०८० साल असार १० गते आईतवार गाँउपालिकाका उपाध्यक्ष श्री ज्ञान वहादुर सिंह ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८०/८१ को बजेट वक्तव्य

सम्मानित अध्यक्ष ज्यू ,

वडाध्यक्ष ज्यूहरू

गाँउसभाका सदस्य ज्यूहरु,

उपस्थित महानुभावहरु,

पत्रकार साथीहरु,

यस गरिमामय गाउँ सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत कर्मचारीहरूलाई हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। सुन्दर,समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा

गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ। गाउँपालिकालाई  स्वच्छ, सफा र सुन्दर गाउँपालिकको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ। खार्पूनाथ गाँउपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत:नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानीय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका

प्रतिवद्धताहरु, स्थानीय सरकार संचालन ऐन र विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानीय तहको मध्यकालिन खर्च संरचना MTEF अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानीय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश सरकारवाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०८०।०८१को बजेट प्रस्तुत गरेको छु । प्राकृतिक सौन्दर्यता साँस्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ। कृषि

तथा औषधिजन्य जडिबुटीहरु पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको खार्पूनाथ गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक साँस्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस खार्पूनाथ गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी खार्पूनाथ गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् । त्यसैले विकसित र समृद्ध खार्पूनाथ गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन ।

सम्मानित अध्यक्ष ज्यू तथा गाउँ सभा सदस्य ज्यूहरु,
अब म आ.व.२०८०।०८१को प्रस्तावित बजेट तथा आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व. २०८०।०८१ को लागि खार्पूनाथ गाँउपालिकाको कुल प्रस्तावित बजेट रु.**३८६९७५१४५।००** (अक्षेरूपी अठ्तीस करोड उनान सत्तरी लाख पचहत्तर हजार एक सय पैतालिस) रुपैया हुन आएको छ ।

| श्रोत | रकम रु. अंकमा | रकम रु. अक्षरमा |
|---|---|---|
| संघीय सरकारवाट प्राप्त सर्शत अनुदान | १८९५००००००।०० | ( अठार करोड पन्चानव्वे लाख मात्र) |
| संघीय सरकारवाट प्राप्त समानिकरण अनुदान | ७१००००००।०० | ( सात करोड दश लाख मात्र) |
| संघीय सरकारवाट प्राप्त राजश्व बाँडफाँड | ६७५३७४००।०० | ( छ करोड पचहत्तर लाख सैत्तिस हजार चार मात्र) |
| कर्णाली प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदान | ३३२३५०००।०० | (तिन करोड बत्तिस लाख पैतिस हजार मात्र) |
| कर्णाली प्रदेश सरकारवाट प्राप्त समानिकरण अनुदान | ६४१३०००।०० | ( चौसट्ठी लाख तेह्र हजार मात्र) |
| कर्णाली प्रदेश सरकारवाट राजश्व बाँडफाँड | २८९७४५।०० | ( दुई लाख सन्तानव्वे हजार सात सय पैतालिस मात्र ) |

| | | |
|---|---|---|
| प्रदेश सरकारबाट प्राप्त समपुरक | १००००००००।०० | (एक करोड मात्र) |
| आन्तरिक श्रोत | १५००००००।०० | ( पन्ध्र लाख मात्र ) |
| GIZ ग्रेप कार्यक्रम | ७५००००००।०० | (पचहत्तर लाख मात्र) |
| जम्मा | **३८६९७५१४५।००** | (अक्षेरूपी अठ्त्तीस करोड उनानसत्तरी लाख पचहत्तर हजार एक सय पैतालिस) |

सम्मानित अध्यक्ष ज्यू तथा  गाउँ सभा सदस्य ज्यूहरु

अब म विषयगत समितिमा विनियोजन गरेको बजेट सिलिङ प्रस्तुत गर्न चाहान्छु ।

| सि.न | विषयगत क्षेत्र | अंकमा | अक्षरमा |
|---|---|---|---|
| १ | आर्थिक विकास | २८७७००००।०० | दुई करोड सतासी लाख सत्तरी मात्र |
| २ | सामाजिक विकास | १९६७००००००।०० | उन्नाई करोड सत्सट्ठी लाख मात्र |
| ३ | पूर्वाधार विकास | ६१५५००००।०० | छ करोड पन्ध्र लाख पचास हजार मात्र |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७३६२७१४५।०० | सात करोड छत्तिस लाख सत्ताईस हजार एक सय पैतालिस |

| | | | |
|---|---|---|---|
| ५ | वन तथा वाताबरण विकास समिति | २६३२८०००।०० | दुई करोड त्रिसट्ठी लाख अट्ठाईस हजार |
| सबै क्षेत्रको कुल जम्मा | | **३८६९७५१४५।००** | (अक्षेरूपी अठ्त्तीस करोड उनानसत्तरी लाख पचहत्तर हजार एक सय पैतालिस) |
| चालू खर्चमा विनियोजित रकम रू. | | २४८७६२१४५।०० | चौविस करोड सतासी लाख बैसट्ठी हजार एक सय पैतालिस मात्र |
| पूजिगत खर्चमा विनियोजित रकम रू. | | १३८२१३०००।०० | तेह्र करोड बयासी लाख तेह्र हजार मात्र |

सम्मानित अध्यक्ष ज्यू तथा गाउँ सभा सदस्य ज्यूहरु

अब म संघीय सरकार , प्रदेश सरकार र समानिकरणवाट प्राप्त बजेटवाट संचालन हुने आयोजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहान्छु ।

# संघीय सरकारवाट प्राप्त सर्शत अनुदान अन्तर्गत कार्यक्रमहरू

| सि.न | कार्यक्रम | रकम |
|---|---|---|
| १ | **शिक्षा तर्फ** | |
| २ | निशुल्क पाठ्यपुस्तक अनुदान | १३९४००० |
| ३ | दिवा खाजा कार्यक्रम | ६९४१००० |
| ४ | विध्यालय संचालन तथा व्यवस्थापन खर्च | १४६९००० |
| ५ | साक्षरता कार्यक्रम | १०००००० |
| ६ | कार्य सम्पादनमा प्रोत्सान अनुदान | ५३५०००० |
| ७ | सेनेटरी प्याड व्यवस्थापन | ४३३००० |
| ८ | विध्यालय सुपरिवेक्षण कार्यक्रम | ६८२००० |
| ९ | माध्यामीक तह शिक्षण सहयोग कार्यक्रम | ७२५३००० |
| १० | कोभिड विपद सिकाइ अनुदान | ४००००० |
| ११ | डिजिटल विध्यार्थि सिकाइ कार्यक्रम | १७४२००० |
| १२ | विध्यार्थि छात्रवृत्ति कार्यक्रम | ८८८००० |
| १३ | शिक्षक तथा राहत अनुदा कर्मचारीको त.भ. | ४५५००००० |
| १४ | माध्यामिक तहका शिक्षकको त.भ | ११५००००० |
| १५ | प्रथामीक वाल विकास सहजकर्ता त.भ. | १४३३००० |
| १६ | वाल विकास सहजकर्ता त.भ. | ८२९००० |
| १७ | वाल विकास सहजकर्ता त.भ. | ४६८६००० |
| १८ | नमुना विध्यालय कार्यक्रम | १०००००००० |
| १९ | **स्वास्थ्य तर्फ** | |
| २० | पोषण कार्यक्रम | १४००००० |
| २१ | क्षयरोग कार्यक्रम | २००००० |

| | | |
|---|---|---|
| २२ | परिवार नियोजन कल्याण कार्यक्रम | ३१००००० |
| २३ | माहामारी रोग नियन्त्रण कार्यक्रम | १००००० |
| २४ | राष्टिय स्वास्थ्य तालिम | २००००० |
| २५ | नर्सिङ सुरक्षा सेवा कार्यक्रम | ८००००० |
| २६ | उपचरात्मक सेवा कार्यक्रम | १३००००० |
| २७ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | २००००० |
| २८ | स्वास्थ्य शाखा तथा स्वास्थ्य चैकीका कर्मचारीको त.भ. | १७६००००० |
| २९ | **कृषि पशु सेवा तर्फ** | |
| ३० | रैथाने वाली प्रर्वधन कार्यक्रम | ५००००० |
| ३१ | जैविक विविधता | ५००००० |
| ३२ | कृषि विकास रणनिति कार्यक्रम | १०००००० |
| ३४ | प्रधानमन्त्रि कृषि अधुनिकरण कार्यक्रम | १३००००० |
| ३५ | पशु सेवा कार्यक्रम | ३००००० |
| ३६ | **खानेपानी तथा सर सफाई SUSWA कार्यक्रम तर्फ** | |
| ३७ | दिगो सरसफाईका कृर्याकलाप संचालनमा | ७३२२००० |
| ३८ | वास कार्यक्रम कार्यरत कर्मचारीको त.भ | ३२७८००० |
| ३९ | वडा नं १ र ४ मा खानेपानी तथा शंकर मा.वि शैचालय, ज्ञान ज्योति प्रा.व शौचालय निर्माणमा दिगो सरसफाई कार्यक्रम | १९७००००० |
| ४० | **प्रधानमन्त्रि रोजगार कार्यक्रम तर्फ** | |
| ४१ | रोजगार कार्यक्रम | ३१५७००० |
| ४२ | यूवा स्वारोजगार कार्यक्रम | ४०२२००० |

| | | |
|---|---|---|
| ४३ | रोजगार शाखामा कार्यरत कर्मचारीको त.च | १४४३००० |
| ४४ | प्रधानमन्त्रि रोजगार कार्यक्रम | ५७८००० |
| ४५ | युवा रोजगारको लागी रूपान्तरण कार्यक्रम | ३००००० |
| ४६ | **झो.पु कार्यक्रम तर्फ** | |
| ४७ | माथिल्लोसुनखाडा, बेउले खोला, कोप्चे खोला, याङचु खोला ट्रस बृज, झो.पु निर्माण | ४९००००० |
| ४८ | **नेपाल जलवायु परिवर्तन कार्यक्रम तर्फ** | |
| ४९ | जलवायु सम्वन्धि कृयाकलाप संचालन गर्न | ५०००००० |
| ५० | **लघुउद्धम विकास कार्यक्रम तर्फ** | |
| ५१ | गरिवि निवारणका लागी लघुउध्याम विकास कार्यक्रम | १३००००० |
| ५२ | **आवास कार्यक्रम तर्फ** | |
| ५३ | सुरक्षित नागरिक आवस कार्यक्रम ७१ वटा | १३००००० |
| ५४ | **राष्टिय ग्रामिण तथा नविकरणी उर्जा कार्यक्रम** | |
| ५५ | नविकरणीय उर्जा प्रविधि जडान | १२००००० |
| ५६ | **बस्ति विकास कार्यक्रम तर्फ** | |
| ५७ | मेलापानी देखी गोरू लोटिया सम्म वाटो निर्माण | २५००००० |
| ५८ | **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम** | |
| ५९ | ५ शैया अस्पतालको श्रृजित भुक्तानी | ४९००००० |
| ६० | **GIZ ग्रेप कार्यक्रम तर्फ** | |
| ६१ | जलवायु उत्थानशिल कृषि परियोजना, सम्वन्धि कार्यक्रम | ७५००००० |
| ६२ | **संघीय सरकारवाट प्राप्त राजश्व तर्फ** | |
| ६३ | गाउँपालिका कर्मचारी, जनप्रतिनिधी को तलव भत्ता, कायार्यलय संचालन , विविध खर्च, अन्य कार्यक्रम | ६७४३७४०० |

# प्रदेश सरकारवाट प्राप्त सर्शत अनुदान अन्तर्गतका कार्यक्रम

| सि.न | कार्यक्रम | रकम |
| --- | --- | --- |
| १ | मष्टादेव आधारभुत विध्यालय | २०००००० |
| २ | अमरसिंह प्रा.वि. | ३०००००० |
| ३ | स्वास्थ्य सेवा भवन धेरवार | १५००००० |
| ४ | छारे झो.पु. | १५००००० |
| ५ | खर्पेलगाउँ देखी दुर्पा सम्म् पदमार्ग | १५००००० |
| ६ | गोप्का देखी फुर्चुगा सम्म पदमार्ग | १०००००० |
| ७ | कान्ठा पिन्यरा देखी स्कुल हुदै भकुण्डा सम्म वाटो निर्माण | १५००००० |
| ८ | प्युस स्वास्थ्य ईकाइ धेरवार | २०००००० |
| ९ | तिरखोला देखी जिउला सम्म सिचाइ | २०००००० |
| १० | कालापानी सिचाइ | २०००००० |
| ११ | भोजेवाडा सिचाइ | २०००००० |
| १२ | सुनखाडा तट्वन्धन | १५००००० |
| १३ | कालापानी पहिरो नियन्त्रण | १५००००० |
| १४ | तल्लो सुनखाडा नदि नियन्त्रण | २०००००० |
| १५ | वडा नं ४ मा साक्षरता अन्य कृयाकलाप संचालन | २५००००० |
| १६ | कारङ ढल निर्माण | १५००००० |
| १७ | कृषि प्रसार तथा खाध्य सुरक्षा कार्यक्रम | ३५०००० |
| १८ | बाली कटानी | २०००० |
| १९ | कोट पल्लाचैर खानेपानी | २०००००० |

| | | |
|---|---|---|
| २० | इन्द्रज्वाला प्रा.वि. भवन निर्माण | १५००००० |
| २१ | सुत्केरी पोषण कार्यक्रम | ३१५००० |
| २२ | तुमलिङ देखी कारङ सडक निर्माण | ५०००००० |
| २३ | स्यालावाडा देखी जाकोट हुदै दुर्पा सम्म सडक | ५००००० |

**समानिकरण अनुदान तर्फ**

| सि.न | कार्यक्रम | रकम |
|---|---|---|
| १ | विध्यालयलाई शिक्षण सिकाई अनुदान तथा कार्क्रम गा.पा वाट | १२५००००० |
| २ | सामुदायीक अस्पतालको त.भ तथा अन्य कार्यक्रम | १००००००० |
| ३ | SUSWA कार्यक्रममा मिलन कोष | ८०००००० |
| ४ | महिला तथा बालवकलिकामा कार्यक्रम | १५००००० |
| ५ | लक्षित वर्ग कार्यक्रम | १५००००० |
| ६ | मानसरोवर क्याम्पसलाई | ३००००० |
| ७ | खेलकुदमा | १०००००० |
| ९ | तुमलिङ देखी काराङ सम्म् सडक मिलन कोष | ५०००००० |
| १० | स्थानिय पूर्वधार सहयोग कार्यक्रम मिलनकोष | १००००००० |
| ११ | खार्पुनाथ शिवालय मिलन कोष | ५०००००० |
| १२ | वडा नं १ मा संचालन कार्यक्रम | २०००००० |
| १३ | वडा नं २ मा संचालन कार्यक्रम | १५००००० |

| | | |
|---|---|---|
| १४ | वडा नं ३ मा संचालन कार्यक्रम | १५00000 |
| १५ | वडा नं ४ मा संचालन कार्यक्रम | १८00000 |
| १६ | वडा नं ५ मा संचालन कार्यक्रम | २२00000 |
| १७ | उपाध्यक्ष घरदैलो कार्यक्रम | १000000 |
| १८ | पशु औषधि खरिद | १५00000 |
| १९ | GIZ मार्फत साझेदारी कार्यक्रम | ७५00000 |
| २० | क्षमता विकास तालिममा | १११३000 |
| २१ | न्यायीक समिति व्यवस्थापन | ५00000 |
| २२ | विपद व्यवस्थापन कोष | २000000 |
| २३ | नेपाल जलवायु परिवर्तन मिलन कोष | २000000 |

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु ,सम्बन्धीका विभिन्न समितीहरु वुद्धिजिविज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु नागरिक समाज पत्रकार, प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी  सम्पूर्ण खार्पूनाथ वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस खार्पूनाथ गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने खार्पूनाथ गाँउपालिकाकाका नागरिक कर प्रदायकहरु खार्पूनाथ गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान गर्नपनि नसकिएला तर बर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी खार्पूनाथ वासी कटिबद्ध प्रतिवद्ध र एकताबद्ध भयौं भने अबश्य पनि खार्पूनाथ गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ । आशावादी बनौं ।

धन्यवाद ।

**पेश गर्ने:**

**ज्ञान वहादुर सिंह**

**गाँउपालिका उपाध्यक्ष**

**खार्पूनाथ गाँउपालिका, हुम्ला**

**मिति२०८०।०३।१० गते**